नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
फोन ४२००३०९
४२००२८१

पत्र संख्याः- ०७२/०७३ (सामान्य प्रशासन महाशाखा)
चलानी नं.:- ३४३८

मिति: २०७३।२।३

श्री जिल्ला विकास समितिको कार्यालय (७५ सवै)
श्री महानगर/उपमहानगर/नगरपालिका (२१७ सवै)

**विषय: निर्देशन सम्बन्धमा ।**

यस मन्त्रालयको मिति २०७२।१०।२६ (मा.राज्यमन्त्रीस्तर) को निर्णयानुसार यस मन्त्रालय अन्तर्गतको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP II) का तर्फबाट जिल्ला विकास समिति र नगरपालिकाहरुमा करारमा नियुक्ति हुने कार्यक्रम अधिकृत (LGCDP Focal Person), सामाजिक विकास अधिकृत तथा इन्जिनियरहरुको पदपूर्ति सम्बन्धि एकिकृत विज्ञापन मिति २०७२।१०।२८ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशन गरिएको व्यहोरा विदितै छ । उक्त विज्ञापनसगं सम्वन्धित पदपूर्ति प्रकृया कतिपय जि.वि.स. तथा न.पा.हरुले अगाडी वढाई नियुक्ति समेत दिइसकेको, कतिपयले लिखित परिक्षा संचालन गरिसकेको र कतिपयले हालसम्म सो पदपूर्तिका सम्वन्धमा कुनै पनि प्रकृया अगाडी वढाएको जानकारी हालसम्म प्राप्त हुन नआएकोले यथाशिघ्र प्रकृया अगाडी बढाई पदपूर्ति गरी सो को जानकारी यस मन्त्रालयमा पठाउनु हुन मिति २०७३।२।३ को सचिवस्तरीय निर्णयानुसार निर्देशन दिइएको छ ।

धनवहादुर श्रेष्ठ
(सह- सचिव)

**बोधार्थ**

श्री सूचना तथा विद्युतीय शासन शाखा: यो पत्र मन्त्रालयको वेवसाइटमा राख्नु हुन ।